# भाग २

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०४८ सालको ऐन नं. २८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

## सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सार्वजनिक सुरक्षा (दोस्रो संशोधन) ऐन, २०४८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. सार्वजनिक सुरक्षा ऐन, २०४६ को प्रस्तावनामा संशोधनः सार्वजनिक सुरक्षा ऐन, २०४६ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेको "नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्था, विदेशी राज्यहरुसंग मित्रताको सम्बन्ध र विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताका बीच सुसम्बन्ध कायम राख्न कुनै व्यक्तिलाई निवारक नजरबन्दमा राख्ने" भन्ने वाक्यांशको सट्टा "नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्था तथा सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरु बीचको सुसम्बन्ध कायम राख्न कुनै व्यक्तिलाई निवारक नजरबन्दमा राख्ने वा स्थानहद गर्ने" भन्ने वाक्यांश राखिएको छ।

३. मूल ऐनको दफा २ मा संशोधनः मूल ऐनको दफा २ को,-

(१) उपदफा २.१.१ मा रहेका "उपदफा ३.२.१" भन्ने शब्दहरुको सट्टा "उपदफा ३.१" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा २.१.२ मा रहेका "उपदफा ३.२.२, ३.२.३ र ३.२.४" भन्ने शब्दहरुको सट्टा "उपदफा ३.२ र ३.३" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ८२१

४. <u>मूल ऐनको दफा ३ मा संशोधन</u>: मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. <u>आदेश जारी गर्ने अधिकारः</u>

३.१. नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ।

३.२. सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्धमा खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई स्थानहद गर्नको लागि निजको नाममा देहाय बमोजिम कुनै आदेश जारी गर्न सक्नेछः-

३.२.१. नेपाल अधिराज्यको कुनै ठाउँमा नबस्नु भनी,

३.२.२. नेपाल अधिराज्यको कुनै ठाउँमा प्रवेश नगर्नु भनी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२.३. नेपाल अधिराज्यको कुनै ठाउँमा मात्र बस्नु भनी।

५. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को,-

(१) उपदफा ४.१ को सट्टा देहाय बमोजिमको उपदफा ४.१ राखिएको छः-

"४.१ उपदफा ३.१ वा ३.२ अन्तर्गत कुनै आदेश जारी गर्दा स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नु पर्ने कारण र आधार खुलाई सो आदेश सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ। स्थानीय अधिकारीले सो आदेशको प्रतिलिपी सहित त्यसको जानकारी गृह मन्त्रालयलाई पनि दिनु पर्नेछ।"

(२) उपदफा ४.२ पछि देहायको उपदफा ४.३ थपिएको छः-

"४.३ उपदफा ३.१ वा ३.२ बमोजिमको आदेश जारी गर्नु परेको कारण विद्यमान नरहेको चौबीस घण्टा भित्र स्थानीय अधिकारीले त्यस्तो आदेश खारेज गर्नु पर्नेछ।"

६. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को उपदफा ५.१ मा रहेका "उपदफा ३.२.१" भन्ने शब्दहरूको सट्टा "उपदफा ३.१" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को उपदफा १०.१ मा रहेका "उपदफा ३.२.२, ३.२.३ वा ३.२.४" भन्ने शब्दहरूको सट्टा "उपदफा ३.२" भन्ने शब्दहरू राखिएका छन्।

मूल ऐनको दफा १२ पछि दफा १२क. थपः मूल ऐनको दफा १२ पछि देहाय बमोजिमको दफा १२क. थपिएको छः-

"१२क. वदनियतपूर्वक नजरबन्दमा राखेकोमा क्षतिपूर्ति पाउन सक्नेः

१२क.१. यस ऐन बमोजिम नजरबन्दमा राखिएको व्यक्तिले आफूलाई यस ऐनको विपरीत वा वदनियतपूर्वक नजरबन्दमा राखेको लागेमा दफा ११ मा जुनसुकै कुरा लेखिएको भएतापनि नजरबन्दमा छँदै वा नजरवन्दबाट मुक्त भएको पैंतीस दिन भित्र त्यस्तो नजरबन्दको आदेश जारी गर्ने स्थानीय अधिकारीबाट क्षतिपूर्ति भराई दिनको लागि जिल्ला अदालतमा उजुरी दिन सक्नेछ।

१२क.२. उपदफा १२क.१. बमोजिम गरेको उजुरीको व्यहोरा प्रमाणित भएमा जिल्ला अदालतले नजरबन्द राखिएको अवधि, नजरबन्दमा राखिएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

C28

व्यक्तिको उमेर, निजको सामाजिक प्रतिष्ठा, नजरबन्द रहेबाट निजलाई परेको आर्थिक हानी इत्यादी कुराहरूको विचार गरी श्री ५ को सरकारबाट उजूरवालालाई मनासिव क्षतिपूर्ति भराई दिने निर्णय गर्नेछ।

१२क.३. उपदफा १२क.१. बमोजिम परेको उजूरीको सम्बन्धमा प्रतिरक्षा गर्न स्थानीय अधिकारीले सरकारी वकिलको कार्यालयलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरेमा अदालतमा सरकारी वकिलले निजको प्रतिरक्षा गरी दिनु पर्नेछ।"

लालमोहर सदर मितिः– २०४८।७।२८।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।